सुन्दरहरैंचा नगरपालिकाको नगरसभाको सोह्रौं अधिवेशनको बैठकमा नगर प्रमुख श्री केदारप्रसाद गुरागाईंज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम

सुन्दरहरैंचा नगरपालिका
विराटचोक, मोरङ
२०८२।०३।०८

*सुन्दरहरैंचाको पहिचान : समृद्धि र सुशासन*

**सुन्दरहरैंचा नगरपालिकाको नगरसभाको सोह्रौं अधिवेशनमा पेस हुने**

**आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम**

**सम्मानित सभामा उपस्थित उपप्रमुखज्यू, सभाका सचिवज्यू, सभाका सदस्यज्यूहरू, उपस्थित सबै कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा उपस्थित अन्य महानुभावहरू ।**

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार तीन तहको सरकारअन्तर्गत सुन्दरहरैंचा नगरपालिकाको सम्मानित नगरसभामा आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको लागि नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायतका सबै किसिमका आन्दोलनको स्मरण गर्न चाहन्छु । लोकतन्त्रको स्थापनार्थ सहिदहरूको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु । साथै विभिन्न चरणका आन्दोलनका क्रममा घाइते भई शारीरिक तथा मानसिक रूपमा अशक्त हुनु भएका महानुभावहरूप्रति हार्दिक सहानुभूति प्रकट गर्दै उहाँहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**सम्मानित नगरसभाका सदस्यज्यूहरू,**

नगर सभाको सोह्रौं अधिवेशनसम्म आइपुग्दा यस नगरपालिकाको विकास तथा समृद्धिका लागि हातमा हात साथमा साथ दिनु हुने कार्यपालिकाका सदस्यज्यूहरू, विभिन्न विषयगत समितिका सदस्यज्यूहरू, नगरसभाका सदस्यज्यूहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै स्थानीय सरकारसामु अनेक चुनौतिका बावजुद आफ्नो व्यक्तिगत चाहना र स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थ र आवश्यकताका लागि अहोरात्र खटेर अतुलनीय योगदान पुर्‍याइरहनु भएका तमाम राष्ट्रसेवक कर्मचारीहरूमा हार्दिक आभार व्यक्त गर्दछु ।

यस नगरपालिकामा विद्यमान भौगोलिक एवं सांस्कृतिक विविधता, व्यापारिक तथा कृषियोग्य भूमिको प्रचूरता, कला संस्कृति, प्राकृतिक स्रोतको उपलब्धताजस्ता विशिष्टताहरूको सुव्यवस्थित तथा उच्चतम उपयोगद्वारा समग्र नगरवासीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन नगरसभाको यस अधिवेशनबाट स्वीकृत नीति तथा कार्यक्रमले महत्वपूर्ण योगदान पुर्याउनेछ भन्ने मैले विश्वास लिएको छु ।

नगरको विकास जनप्रतिनिधिको एक पक्षीय प्रयासले मात्र सम्भव हुन सक्दैन । नगरवासीहरूको विकास प्रक्रियामा सक्रिय र अर्थपूर्ण सहभागिताले मात्र हामीले परिकल्पना गरेको ***"सुन्दरहरैंचाको पहिचान : समृद्धि र सुशासन"*** सार्थक हुनेछ । विकास प्रक्रियामा स्रोतको समुचित सदुपयोग गराउन र गुणस्तरीयता कायम गर्न सम्पूर्ण नगरवासीहरूको सक्रिय सहभागिता आवश्यक हुन्छ । यसका लागि म सम्पूर्ण नगरवासीहरूमा जागरुक र सचेत रहन हुन अनुरोध गर्दछु।

नगरवासीहरुको बढ्दो आवश्यकता तथा चाहना रहेको तर स्रोत र साधनको सीमित उपलब्धताको बावजुद पनि सुन्दरहरैंचा नगरपालिकालाई समृद्ध र समुन्नत बनाउन दृढताका साथ आज हामी यस सम्मानित नगरसभामा उपस्थित भएका छौं ।

<u>मुलभूत नीति तथा कार्यक्रम</u>

## क. सामाजिक विकास नीति

### अ. शिक्षा

१. सुत्केरी तथा अन्य कारणले लामो समय विदामा बसेको समयमा अध्ययन अध्यापनलाई निरन्तरता दिन स्वयम्सेवक शिक्षकको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२. विद्यालय तहका बालबालिकाहरुलाई समयानुकूल डिजिटल साक्षरता र प्राविधिक क्षमता अभिवृद्धि गर्न "AI for Kids" कार्यक्रममार्फत् विद्यालयमा AI बाल क्लबहरु गठन गर्न लगाउने, कृत्रिम बुद्धिमत्ता (AI) सम्बन्धी आधारभूत तालिम दिने र युट्युव जस्ता डिजिटल माध्यमको प्रयोग गरी उनीहरुका विशिष्ट कला र प्रतिभालाई उचित सम्मान र स्थान दिने व्यवस्था मिलाइनेछ ।

३. आधारभूत विद्यालयलाई मुख्य प्राथमिकतामा राखेर प्रत्येक आर्थिक वर्षमा कम्तीमा २ ओटा आधारभूत सामुदायिक विद्यालयलाई नमुना आधारभूत विद्यालयको रूपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई थप सक्षम, प्रभावकारी, नतिजामूखी र जबाफदेही बनाउने नीति अबलम्बन गरिनेछ ।

५. विद्यालयका नाममा रहेका जग्गा तथा अन्य चल अचल सम्पत्तिको एकीकृत लगत सङ्कलन गरी अभिलेखीकरण गर्ने र जग्गा तथा सम्पत्तिहरूको समुचित प्रयोग हुने गरी आवश्यक व्यवस्था गरिनेछ ।

६. शिक्षालाई प्रविधिमैत्री, गुणस्तरीय, सिपमूलक र जीवनोपयोगी बनाउने कार्यलाई प्रवद्धन गर्दै प्रारम्भिक बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गर्दै अनुकूल सिकाइ वातावरण सिर्जना गर्न विद्यालयहरुमा बाल विकास शिक्षकको मिलान गर्ने र बालविकास कक्षाको सिकाइमा सुधार गर्न बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा हुनेगरी खेल तथा सिकाई सामग्रीको व्यवस्था र सहजकर्ताको क्षमता विकास एवं प्रोत्साहन गरिने तथा न्यूनतम विद्यार्थी संख्या नपुगेका बालबिकास केन्द्र खारेजी प्रक्रियामा लैजाने नीति अवलम्बन गरिनेछ ।

७. "हाम्रा गुरुः दक्ष गुरु" कार्यक्रम अन्तर्गत शिक्षकहरूका लागि नियमित रुपमा विषयगत छलफल, प्रश्नपत्र निर्माण कार्यशाला तथा आन्तरिक मूल्याङ्कनसम्बन्धी तालिम, उत्कृष्ट विद्यालय अध्ययन-भ्रमण तथा पेसागत क्षमता विकाससम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८. प्रशासनिक प्रमुखको रूपमा रहेका प्रधानाध्यापकलाई विद्यालय विकास प्रस्तावको आधारमा तथा प्रतिस्पर्धात्मक परीक्षाको आधारमा नियुक्ति गर्ने नीति लिइनेछ । विद्यालयको समग्र नतिजामा प्रधानाध्यापक र आफ्नो विषयको नतिजामा विषय शिक्षकलाई जवाफदेही बनाउन नगरपालिका र प्रधानाध्यापकबीच तथा प्रधानाध्यापक र शिक्षकबीच गरिने कार्यसम्पादन करारलाई समयानुकूल परिस्कृत गर्दै लगिनेछ ।

९. विद्यालयहरूमा कक्षाकोठा, पुस्तकालय र विज्ञान तथा कम्प्युटर प्रयोगशाला, शिक्षक दरबन्दी मिलान गरी विद्यार्थी अनुपातमा शिक्षकको व्यवस्था गरिने तथा कक्षा १२ सम्म सञ्चालित उच्च मा.वि. दरवन्दी नभएका सामुदायिक विद्यालयहरुलाई कम्तिमा एउटा दरवन्दी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१०. बालबालिकामैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको नियमित र भरपर्दो वितरण गरिने, बालिका छात्रवृत्तिको व्यवस्था, विद्यार्थीका लागि पोसाक, दिवा खाजा, पाठ्यसामग्रीजस्ता प्रोत्साहन कार्यक्रम सञ्चालन गरी शैक्षिक गुणस्तर सुधार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११. सुन्दरहरैंचा नगरपालिका र पूर्वाञ्चल विश्वविद्यालय तथा सुकुना बहुमुखी क्याम्पसको सहकार्यमा शौक्षिक गुणस्तर सुधार गर्न अनुसन्धान/तालिम कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१२. शैक्षिक अनुसन्धान केन्द्र स्थापना गरी शिक्षाको गुणस्तर वृद्धि गर्न आवश्यक कार्यहरू गरिनेछ ।

१३. स्थानीय पाठ्यक्रम निर्माण तथा समयानुकूल परिमार्जन गर्दै नगर क्षेत्रभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा क्रमशः लागू गरिनेछ ।

१४. सामुदायिक विद्यालयमा आर्थिक पारदर्शिता, जवाफदेहिता र अनुशासन कायम गराउन एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सुदृढ गर्ने, आन्तरिक लेखापरीक्षणलाई विस्तार गर्ने र विद्युतीय हाजिरीको व्यवस्था गरिने छ साथै विद्यालयहरूमा मनोपरामर्श फोकल शिक्षक र सूचना अधिकारी तोक्ने व्यवस्था मिलाइनेछ ।

१५. नगरभित्र रहेका सामुदायिक विद्यालयहरूलाई स्काउटमा आबद्ध गराउने नीति अवलम्बन गरिनेछ ।

१६. विज्ञान-प्रविधि प्रदर्शनी तथा शैक्षिक प्रदर्शनीहरु र विभिन्न प्रतिस्पर्धा गराई प्रतिभा प्रष्फुटन तथा नवप्रवर्तनतर्फ विद्यालय तथा विद्यार्थी दुवैलाई उत्प्रेरित गर्न “ज्ञान, प्रविधि र सिर्जनाको उत्सव - सुन्दरहरैंचा शैक्षिक मेला २०८२" नामक कार्यक्रमको आयोजना गरिनेछ ।

१७. विद्यालय क्षेत्रभित्र आकर्षक फूलबारी तथा करेसाबारी निर्माण गर्ने तथा महत्वपूर्ण वनस्पति र जडिबुटीका बिरुवाहरु रोप्न प्रोत्साहन गरी “सुन्दर र हरित विद्यालय निर्माण अभियान” चलाइनेछ।

१८. सुन्दरहरैंचा नगरपालिकाको विद्यालय शिक्षा ऐन, २०७९ अनुरुप संस्थागत विद्यालयहरूको वर्गीकरण गरी व्यावहारिक तथा वैज्ञानिक शुल्क प्रणाली लागु गर्नुका साथै नियमन र व्यवस्थापन गर्न सरोकारवाला पक्षहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१९. संस्थागत तथा सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोत तर्फका शिक्षक तथा कर्मचारीहरूलाई श्रम ऐनमा व्यवस्था भए बमोजिमको न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा कोषमा आबद्धताका लागि पहल गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२०. नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूका विद्यार्थीहरूको प्रतिभा प्रस्फुटनका निमित्त वार्षिक रूपमा अतिरिक्त क्रियाकलापहरू समेट्ने गरी सुन्दरहरैंचा खेल मेला (सुन्दरहरैंचा स्पोर्टस् मिट) जस्ता कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२१.नगरक्षेत्रभित्र सञ्चालित गुरुकुल, गुम्बा र मदरसा लगायत परम्परागत तथा धार्मिक विद्यालय तथा अनाथालयलाई व्यवस्थित रुपमा सञ्चालन तथा शिक्षा र पोषणका लागि गरिएको सहयोगलाई निरन्तरता दिइनेछ ।

२२. प्राविधिक शिक्षा अध्ययनलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

२३. निश्चित मापदण्ड र सूचकका आधारमा सामुदायिक विद्यालयहरुबाट "सर्वोत्कृष्ट नगर प्रधानाध्यापक" र "सर्वोत्कृष्ट नगर शिक्षक" छनौट र घोषणा गरी पुरस्कृत र सम्मान गरिनेछ । साथै सेवा निवृत्त शिक्षक तथा विद्यालय कर्मचारीलाई सम्मान गरिनेछ।

२४. कक्षा अवलोकनमार्फत शिक्षण सिकाइ सुधार गर्न साथै अन्य व्यवस्थापकीय पक्ष समेतको अनुगमनका लागि सेवा निवृत्त शिक्षक, कर्मचारी, प्राध्यापक तथा सम्बन्धित क्षेत्रका विज्ञहरूको समूह निर्माण गरी नियमित सघन अनुगमन कार्यलाई निरन्तरता दिइनेछ ।

२५. विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरूका लागि व्यापक भर्ना अभियानमार्फत पहुँच विस्तार गरिनेछ साथै कक्षा दोहोर्याउने र छोड्ने दरलाई न्युनीकरण गर्न अभियान सञ्चालन गरिनेछ ।

२६. नगर क्षेत्रभित्र सञ्चालित विद्यालयहरूमा प्रचलित कानुनले तोकेको क्षेत्रभित्र मदिरा तथा सुर्तिजन्य पदार्थको बिक्री वितरणमा पूर्ण रूपमा रोक लगाइने छ । साथै विद्यालय उमेर समूहका बालबालिकालाई मदिरा तथा सुर्तिजन्य पदार्थ किनबेच तथा ओसारपसार एवम् प्रयोगमा समेत पूर्ण रोक लगाइने छ ।

२७. सुकुना बहुमुखी क्याम्पसका सर्वोत्कृष्ट विद्यार्थीलाई "सुन्दरहरैंचा Youth Education Ambassador" का रुपमा चयन गरी सम्मानित गर्ने र विभिन्न अभियानहरुमा जोड्ने तथा विभिन्न सेमेस्टरमा सर्वोत्कृष्ट हुने विद्यार्थीलाई नगरपालिकामा इन्टर्नका रुपमा स्थान दिई बहुआयामिक व्यक्तित्व विकासमा सहयोग गर्ने साथै उचित छात्रवृत्तिको समेत व्यवस्था गरिनेछ ।

२८.आधारभूत विद्यालयको सिकाइ सुधारका लागि नजिकको माथिल्लो तहको विद्यालयलाई लिडर विद्यालय तोकी स्रोत विद्यालयको शिक्षण सिकाई साथै व्यवस्थापकीय पक्षमा सुधार गर्न सहयोग गर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२९. अपाङ्गता भएका बालबालिकाका लागि सञ्चालित दिवा सेवा केन्द्रलाई व्यवस्थित गर्ने नीति अबलम्बन गरिनेछ ।

३०. छात्रासँग उपप्रमुख कार्यक्रमलाई निरन्तरता दिइनेछ । बाल विकास केन्द्रका सहयोगी कार्यकर्ता र आधारभूत तहका शिक्षिकाहरूसँग आवधिक रूपमा छलफल कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. उपप्रमुख छात्रवृत्ति कार्यक्रम अन्तर्गत विपन्न, अनाथ, उत्पीडित असहाय, सीमान्तकृत तथा आर्थिक अवस्था कमजोर भएका अल्पसङ्ख्यक तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३२. संस्थागत विद्यालयहरूलाई वित्तिय सामाजिक उत्तरदायित्व (CSR) बहन गराउन आवश्यक पहल गरिनेछ ।

३३. विद्यालयका तल्ला कक्षाहरूमा ग्रेड टिचिङ गर्ने कार्यलाई क्रमशः विस्तार गरिनेछ ।

३४. सामुदायिक विद्यालयहरुमा बृहत रुपमा समायोजनको अवधारणा अगाडि बढाइने छ। समायोजन भई बन्ने बृहत विद्यालयलाई प्रोत्साहन अनुदान उपलब्ध गराइने छ।

३५. सहकारीतामा आधारित विद्यालय सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

३६. सामुदायिक अध्ययन केन्द्रहरूलाई बहुउद्देश्यीय सामुदायिक सिकाइ केन्द्रको रूपमा विकास गरिनेछ । अभिभावक शिक्षा कार्यक्रमलाई व्यापक रुपमा अघि बढाइने छ ।

## आ. युवा तथा खेलकुदसम्बन्धी नीति

१. विद्यालय तहदेखि नै खेलकुदको विकास र प्रबर्द्धन गरी विद्यार्थीहरूको शारीरिक संरचनामा टेवा पुऱ्याउन प्रदेश तथा राष्ट्रिय स्तरका प्रतियोगिताहरूमा प्रतिस्पर्धा गरी अब्बल नतिजा हासिल गर्नसक्ने खेलाडी उत्पादन गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले विद्यालयस्तरीय स्पोर्ट्स क्लब गठन गर्ने, प्रत्येक विद्यालयमा एकजना शिक्षकलाई अनिवार्य रूपमा खेलकुद शिक्षक तोकी क्षमता विकास गर्ने तथा विभिन्न विद्यालयस्तरीय खेलकुद प्रतियोगिताहरू सञ्चालन गरिनेछ ।

२. कोशी प्रदेश सरकार, पुर्वाञ्चल विश्वविद्यालय र सुन्दरहरैंचा नगरपालिकाको सहकार्य तथा साझेदारीमा प्रदेश खेलकुद ग्राम निर्माण गरिनेछ । साथै दश वर्षभन्दा माथिका खेलाडीहरूलाई नियमित खेलकुद प्रशिक्षणका निम्ति एकेडेमी सञ्चालन गर्ने आधारहरु क्रमश: निर्माण गर्दै लाने नीति अवलम्बन गरिनेछ ।

३. नगरभित्र हुने सबै प्रकारका खेल प्रतियोगितालाई समन्वयात्मक ढंगबाट सञ्चालन गर्न नगर खेलकुद विकास समितिबाट अनुमति लिएर मात्र खेलकुद प्रतियोगिता सञ्चालन हुने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

४. वडा खेलकुद समिति गठन गरी खेलकुद गतिविधीहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

५. मेयरकप फुटबल प्रतियोगिता सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६. युवाहरूमा खेलकुदप्रति आकर्षण बढाउन र व्यावसायिक खेलाडी उत्पादन गर्न नगर फुटबल लिग आयोजना गरिनेछ ।

७. खेलकुद क्षेत्रको विकासका लागि क्रिकेट, फुटबल, भलिबल, व्याटमिन्टन, तेक्वान्दो, कराँते एथलेटिक्स जस्ता खेल प्रतियोगिताको आयोजना गरिनेछ ।

८. नगरभित्र सञ्चालनमा रहेका खुला व्यायामशालाहरूलाई थप व्यवस्थित तथा विस्तार गर्ने नीति अबलम्बन गरिनेछ ।

९. सबै वडामा रहेका खेलमैदानहरूको क्रमश: स्तरोन्नति गरी वर्षभरिनै खेलकुद क्रियाकलाप सञ्चालनयोग्य बनाइनेछ ।

१०.खेलकुदको क्षेत्रमा महिलाको सहभागिता अभिबृद्धी गर्ने नीति अबलम्बन गरिनेछ ।

११.नगरभित्र दर्ता र सञ्चालनमा रहेका खेलकुद क्लबहरूलाई खेलकुद सामग्री उपलब्ध गराइने तथा खेलकुद प्रतियोगितामा सहभागिताका लागि आवश्यक सहयोग गर्ने नीति अबलम्बन गरिनेछ ।

१२.वार्षिक रूपमा नगरस्तरीय उपमेयर कप महिला भलिबल प्रतियोगितालाई निरन्तरता दिइनेछ । उपमेयर कप महिला फुटबल प्रतियोगिताको शुरूवात गरिनेछ ।

१३.सुन्दरहरैंचा क्रिकेट प्रतियोगिता सञ्चालन गरिनेछ ।

१४.आवश्यकता र मागका आधारमा अन्य विविध खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ ।

१५.राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका अन्तर्राष्ट्रिय खेलमा सहभागी राष्ट्रिय खेलाडीहरूलाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।

१६.विद्यालयहरूमा प्रत्येक साताको शुक्रबार अतिरिक्त क्रियाकलापमा खेलकुदलाई अनिवार्य गरिनेछ ।

**इ. स्वास्थ्य नीति**

१. "**सुनिश्चित सेवा, विषेशज्ञ हात- हाम्रो नगर अस्पताल, हाम्रो विश्वास**" भन्ने नाराका साथ नगर अस्पतालको सेवालाई थप प्रभावकारी र व्यवस्थित बनाउन आगामी आर्थिक वर्षदेखि विशेषज्ञ डाक्टर सहितको ओ.पि.डी. तथा शल्यक्रिया सेवा सञ्चालनमा ल्याइनेछ ।

२. ल्याब र फार्मेसी सेवालाई चौबीसै घण्टा सञ्चालनमा ल्याइनेछ ।

३. निर्माणाधीन नगर अस्पतालको प्रशासनिक भवनलाई आ.व. २०८२/०८३ मा निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

४. सुन्दरहरैंचा नगरपालिकाभित्र स्थायी रुपमा बसोबास भएका ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरूलाई नगर अस्पतालमा लाग्ने ओपिडी शुल्क नि:शुल्क गरिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५. ८४ वर्ष माथिका ज्येष्ठ नागरिक तथा शारीरिक रूपमा पूर्ण रूपमा अशक्त भएका व्यक्तिहरूलाई घरमा गई बैंकका कर्मचारी मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिने तथा वर्षमा २ पटक नि:शुल्क स्वास्थ्य जाँच गरी नेपाल सरकारले उपलब्ध गराउने नि:शुल्क औषधी समेत सोही समय उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ ।

६. गर्भवती महिलालाई स्वास्थ्य केन्द्रमा नियमित चेकजाँच गर्न र स्वास्थ्य संस्थामा गई प्रसूति गराउन प्रोत्साहन गर्ने, स्वास्थ्य चौकीमा नियमित चेकजाँच गराउने गर्भवती महिलाहरूलाई अन्यत्र

अस्पतालमा प्रसूतिका लागि जानुपर्ने भएमा नि:शुल्क रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

७. स्पाइनल इन्जुरीका कारण अपाङ्गता भएका लगायत गम्भीर प्रकृतिको अपाङ्गता भएका व्यक्तिहरूको पुनःस्थापना तथा उनीहरूलाई आवश्यक सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८. स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी र पूर्ण पारदर्शी बनाउन हाल कार्यान्वयनमा रहेको कार्यविधि खारेज गरी समयानुकूल नयाँ कार्यविधि निर्माण गरी विपन्न नागरिक पहिचान गरी विपन्न नागरिकहरूको निःशुल्क स्वास्थ्य बिमा गराइने छ । प्रत्येक नागरिकको अनिवार्य स्वास्थ बिमा गर्ने, ज्येष्ठ नागरिक, विपन्न, दलित, एकल महिला, कडा रोगी र अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य बिमामा सहुलियत प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९. स्वास्थ्य सेवा शिविर सञ्चालन, प्रजनन स्वास्थ्य, पोषण सेवासम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. भवन निर्माण हुन बाँकी स्वास्थ्य चौकीहरूको भवन निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । वडा नं. ४ मा रहेको शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

११. १५ बेडको नगर अस्पतालको भवन निर्माणका लागि संघीय सरकारसँग बजेट माग गरिनेछ ।

१२. नेपाल सरकारबाट प्राप्त हुने निःशुल्क औषधीहरू आधारभूत तथा सहरी स्वास्थ्य केन्द्रमार्फत सहज रूपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३. स्वास्थ्य चौकीहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ ।

१४. आरोग्य केन्द्रबाट आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५. प्रभावकारी तथा आधुनिक ढङ्गबाट स्वास्थ्य सेवा प्रवाह गर्न डिजिटल सूचना प्रणालीको प्रवर्धन गरिनेछ ।

१६. नगरबासीसँग नगर प्रमुख स्वास्थ्य कार्यक्रम अन्तर्गत दृष्टिसम्बन्धी रोगहरूको प्रारम्भिक पहिचान गरी उपचारमा पहुँच वृद्धि गर्ने उद्देश्यले साझेदार संस्थासँगको सहयोग र सहकार्यमा अभियान/शिविर सञ्चालन गरिनेछ ।

१७. आमा समूहलाई थप सक्रिय बनाई उप-प्रमुखसँग नागरिकहरुको स्वास्थ्य चेतना अभिवृद्धि कार्यक्रम सञ्चालनमा ल्याइनेछ । महिला स्वयम्सेविकाको सेवानिवृत्त सुविधालाई समयानुकूल वृद्धि गरिनेछ ।

१८. सुन्दरहरैंचा नगर अस्पतालमा गई गर्भ जाँच गराउने गर्भवती तथा सुत्केरी महिलाहरूको पोषणको अवस्था सुधार गर्न उपप्रमुखसँग पोषण कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१९. सार्वजनिक सेवा प्रवाह हुने कार्यालयहरुमा स्तनपान कक्ष निर्माण गर्ने कार्यको शुरुवात गरिनेछ ।

२०. ***"स्वस्थ जीवनको आधार, नगर अस्पतालको उपहार"*** भन्ने नाराका साथ वडा नं. ३ मा रहेको स्वास्थ्य चौकी दुलारीलाई नगर अस्पतालको सेवा केन्द्रको रूपमा मेडिकल अधिकृत सहितको सेवा विस्तार गरिनेछ ।

**ई. लैंगिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी नीति**

१. ***"महिलाको उद्यमशीलता र क्षमतामा अभिवृद्धि, सुन्दरहरैंचाको समृद्धि"*** नीति अवलम्वन गरी नवप्रवर्तनमा आधारित उद्यम तथा व्यवसाय सञ्चालन गर्ने महिला उद्यमीहरूलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. ***"सुन्दरहरैंचाको चाहना : पर्यटक हाम्रा पाहुना"*** भन्ने नाराका साथ यस नगरमा घुम्न आउने पर्यटकलाई स्थानीय स्तरमा निर्मित कलात्मक सामग्रीका साथै रैथाने कृषिजन्य उत्पादन सहजै उपलब्ध गराउनका लागि कोसेली घर स्थापनाका आधारहरु तयार गरिनेछ ।

३. **"श्रमिक महिलाको सम्मान: सुन्दरहरैंचाको अभियान"** कार्यक्रम सञ्चालन गरिनेछ ।जसका लागि महिला उद्यमशीलता, सिप विकास तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्दा निजहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।

४. ***"बालमैत्री नगरको अभियान : सुन्दरहरैंचाको पहिचान"*** नाराका साथ बाँकी ६ वटा वडाको डिजिटल बालप्रोफाइल तयार गरी नगर प्रोफाइल निर्माण गर्ने, बालमैत्री अभियान तयारी तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने स्रोत, साधन र बजेटको विनियोजन गर्दै आगामी आर्थिक वर्षभित्र बालमैत्री नगरको घोषणा गरिनेछ ।

५. आगामी वर्षमा एक बाल उद्यान, एक बाल पुस्तकालय निर्माण, एक वडा एक ज्येष्ठ नागरिक चौतारी निर्माणका लागि नगरभित्र रहेका बाल उद्यान तथा ज्येष्ठ नागरिक चौतारीहरूलाई थप व्यवस्थित गरिनेछ ।

६. हिंसा पीडित, द्वन्द्व पीडित, अनाथ र आश्रयविहीन महिला बालबालिकाहरूका लागि उचित बसोबासको व्यवस्था मिलाइनेछ, साथै सो क्षेत्रमा काम गर्ने संघसंस्थाहरुलाई आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

७. अपाङ्गता भएका व्यक्तिहरूले व्यवसाय स्थापना गर्दा नगरपालिकाद्वारा लगाइने व्यवसाय दर्ता शुल्कमा पचास प्रतिशत छुट दिने कार्यलाई निरन्तरता दिइनेछ ।

८. नगरक्षेत्रभित्रका क्रियाशील महिला तथा युवा आवद्ध संघसंस्थाहरुसँग उपमेयर अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

९. सीप प्रविधि टेवा कोष हस्तान्तरण कार्यक्रमअन्तर्गत सिटिइभिटि (CTEVT)को मापदण्डमा आधारित व्यावसायिक सिपमूलक तालिम प्रदान गरी समूहमा व्यवसाय स्थापना गर्न आवश्यक प्रविधि हस्तान्तरण गरिनेछ ।

१०. दलित, जनजाति, आदिवासीहरूको मौलिकता झल्कने पेसा व्यवसाय तथा उद्योग स्थापना गर्दा लाग्ने व्यवसाय दर्ता निःशुल्क गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११. अपाङ्गता भएका व्यक्तिहरुका लागि घुम्ती शिविर अभियानमार्फत परिचयपत्र वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२. अपाङ्गता भएका व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. जीवित ऐतिहासिक दस्तावेजका रुपमा रहेका ज्येष्ठ नागरिकको ज्ञान, सिप, अनुभव र विज्ञतालाई यस नगरपालिकाको विकास कार्यमा उपयोग गरिनेछ साथै उनीहरुलाई सम्मानित र मर्यादित जीवनयापनका लागि ज्येष्ठ नागरिक समाजसँग समन्वय गरी योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. नेपाल सरकारबाट सेवा निवृत्त भएका राष्ट्रसेवकहरूको ज्ञान, सिप, अनुभव र क्षमताको उपयोग गर्ने नीति लिइनेछ ।

१५. सरोकारवाला निकाय तथा संस्थाहरूको सहकार्यमा लागुऔषध दुर्व्यसन विरुद्धको अभियान सञ्चालन गरिनेछ । लागुऔषध दुर्व्यसनीमा फसेका युवाहरूको पुनर्स्थापनाका लागि आवश्यक कार्यहरू गरिनेछ ।

**उ. भाषा, कला, संस्कृतिसम्बन्धी नीति**

१. भाषा, कला, संस्कृति, साहित्यको संरक्षण र संवर्धन गर्न नगरस्तरीय प्रतिष्ठान गठन गरी नगर क्षेत्रभित्र रहेका विभिन्न भाषा, कला, संस्कृति तथा साहित्यको संरक्षण, संवर्धन र विकास गर्दै लगिनेछ ।

२. ललितकला, भित्तेचित्र जस्ता कलात्मक ज्ञान, सिप तथा क्षमता अभिवद्धि गरी आयआर्जनका क्रियाकलापमा समावेश गराउनका लागि ललितकला प्रतिष्ठान लगायत अन्य निकायहरुको समन्वयमा मागमा आधारित तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

३. राष्ट्रनिर्माणको मान्यतालाई आत्मसात गर्दै नगरको गौरव र पहिचान झल्किने 'नगर गान' निर्माण गरिनेछ ।

४. नगरपालिकाको समग्र पुरातात्विक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यिक एवम् पर्यटकीय अवस्थाको अध्ययन/अनुसन्धान गरी दस्तावेज निर्माण गरिनेछ ।

**ख. आर्थिक विकाससम्बन्धी नीति :**

**अ. कृषि, पशुपंक्षी विकास र साना सिँचाइ**

१. **"पशु प्राविधिक परिचालनः नियमित सेवा सञ्चालन"** भन्ने मुल नाराका साथमा प्रयोगशाला सहितको नगर भेटेरीनरी अस्पतालमा सुविधा थप गर्दै सुविधा सम्पन्न नगर भेटेरीनरी अस्पताल स्थापना गरी सञ्चालन गरिनेछ। साथै पशु स्वास्थ्य उपचार थप सहज र प्रभावकारी बनाउन घरदैलो सेवा उपलब्ध गराइनेछ ।

२.**"सिंचाईमा लगानी: खेतबारीमा पानी"** अभियान अन्तर्गत पुराना तथा जीर्ण अवस्थामा रहेका र मर्मत गरी सञ्चालनमा ल्याउन सकिने बाँधपैनी तथा कुलाहरूको मर्मत, संरक्षण गरी सञ्चालनमा ल्याइनेछ । नगरक्षेत्रमा रहेका पानीको मुहान संरक्षण गरी सिंचाईका लागि निर्माण भइसकेका सिंचाईका कुलोपैनीको स्तरोन्नती गर्ने तथा सतही स्यालो ट्युबवेल र डिप बोरिङ्गको माध्यमबाट सिंचित क्षेत्रको विस्तार गरिनेछ ।

३. वडा नं ९ मा निर्माणाधीन आधुनिक कृषि बजार निर्धारित समयमै निर्माण सम्पन्न गरी अन्य वडामा समेत कृषि बजार निर्माणका लागि आवश्यक कार्यहरू गरिनेछ ।

४. पशु स्वास्थ्य बिमाको लागि पशुपालक कृषकहरूलाई उत्प्रेरित गरिनेछ । कृषि बाली, पशुपन्छी, मत्स्य तथा कृषिजन्य व्यवसायलाई समेट्ने गरी कृषि र पशुपन्छी बिमाको दायरालाई विस्तार गर्दै लगिनेछ ।

५. पशुपन्छीको नश्ल सुधार, खोर व्यवस्थापन र पशु स्वास्थ्य सेवा प्रभावकारी रूपमा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६. कृषिको उत्पादन बढाउन उन्नत बीउबिजन छनौट गरी वितरण गर्ने, आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादनमा लाग्ने लागत घटाइनेछ र उत्पादन बढाइनेछ । मलको सहज उपलब्धताका लागि आवश्यक पहल गरिनेछ । प्राङ्गारिक/जैविक मल उत्पादन गर्ने कृषकलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

७. **बालीमा विषादी**, **जीवन बर्बादी** भन्ने नारालाई अङ्गीकार गरी कृषि बालीमा जैविक विषादी प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

८. स्थानीयस्तरमा पाइने रैथाने बालीको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक कार्यहरू गरिनेछ ।

९. नगरभित्रका बाँझो जमिनहरूलाई सदाबहार कृषि उपज उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।

१०. उत्पादन नियन्त्रण प्रणालीको विकास कार्य सम्पन्न भइसकेकाले यस प्रणालीमार्फत कृषि तथा पशुपन्छी उत्पादनको मूल्य एकरुपता, डिजिटल मार्केट, समय र माटो सुहाउँदो बाली, मल तथा विषादीसम्बन्धी जानकारी दर्ता किसानको मोबाइलमा एसएमएस मार्फत सूचना प्रदान गर्ने प्रणालीको क्रमश: विकास गर्ने नीति अबलम्बन गरिनेछ ।

११. मौरीपालन व्यवसायबाट हुने उत्पादनमा अभिवृद्धि गर्नका लागि आवश्यक कार्य गरिनेछ।

१२. पशुपन्छीमा लाग्ने महामारीजन्य सरुवा रोग नियन्त्रणका लागि खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३. सतही सिंचाईको सम्भावना नभएका ठाउँहरूमा डिप बोरिङमार्फत सिंचाईको व्यवस्था मिलाइनेछ ।

१४. नगर क्षेत्रको कृषि उत्पादन सुरक्षित भण्डारण गर्न वडा नं. ७ गछियामा २०० मेट्रिक-टनको शीत भण्डार आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालनमा ल्याइनेछ ।

१५. **“उत्पादनमा वृद्धि, माटो जाँच प्रविधि”** भन्ने मूल नाराका साथ नगरक्षेत्रभित्र रहेका खेतीयोग्य जमिनको माटो परीक्षण गरी सुधारका उपायहरु अपनाउने साथै माटो सुहाउने बाली विकासमा जोड दिइनेछ ।

१६. छाडा पशु चौपायाहरूको उचित व्यवस्थापनका लागि आवश्यक कार्यहरू गरिनेछ ।

## आ. उद्योग, सहकारी तथा रोजगारसम्बन्धी नीति

१. वैदेशिक रोजगारबाट फर्किएका युवा तथा स्वदेशमै सिप सिकी दक्षता हासिल गरेका युवाहरूको सिपलाई उत्पादनसँग जोड्न प्रोत्साहित गरिनेछ ।

२. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरू तथा लघु उद्यम सञ्चालन गर्न चाहने आर्थिक रूपले विपन्न महिला तथा सीमान्तकृत नागरिकहरूलाई लघु उद्यम गर्न प्रोत्साहन गरिनेछ ।

३. नगर स्वरोजगार कार्यक्रमअन्तर्गत नगर क्षेत्रभित्र रहेका दक्ष तथा अर्धदक्ष जनशक्तिहरूको सिप परीक्षण गर्न, सिप अभिवृद्धि गर्न आवश्यक दक्ष प्राविधिक तालिमहरूको सञ्चालन गरी तालिमपश्चात स्वरोजगार बन्न चाहनेहरूलाई समूहमा प्रविधि तथा औजार हस्तान्तरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४. कृषि सहकारीको विकासमा आवश्यक सहयोग गरिनेछ । घरेलु उत्पादनलाई सहकारीमार्फत उत्पादन, प्रशोधन तथा बजारीकरण गरिनेछ ।

५. नगरबासीहरूलाई श्रम व्यवसाय तथा बचत गर्ने बानीको विकास गरिनेछ साथै बचत गरिएको रकमलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरिनेछ ।

६. नगर क्षेत्रभित्र रहेका सहकारी संस्थाहरूलाई पारदर्शी, नियमित र व्यवस्थित बनाउनुका साथै उद्देश्यमूलक ढङ्गबाट सञ्चालन गर्न आवश्यक संयन्त्र तयार गर्दै दक्ष जनशक्तिबाट सघन नियमनको व्यवस्था गरी समयमै प्रतिवेदन पेश गर्न लगाइनेछ ।

७. सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्न सहकारी संस्थाका कर्मचारी तथा पदाधिकारीहरूका लागि तालिम/अभिमुखीकरण कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

८. सहकारी क्षेत्रको विकासका लागि सहकारी समन्वय समितिलाई प्रभावकारी बनाइनेछ।

९. घरेलु, मझौला तथा साना उद्योगलाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

१०. समान प्रकृति र एकै कार्यक्षेत्रभित्रका सहकारी संस्थाहरूबीच एकीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

११. रोजगार प्रवर्द्धन, नयाँ उद्योग स्थापना तथा नवप्रवर्तन लगायतका कार्यहरू गर्न उद्योग वाणिज्य संघ तथा निजी क्षेत्रसँगको समन्वयमा आवश्यक नीतिहरु निर्माण गरिनेछ ।

१२. वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूको श्रम सहजीकरण र वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने सेवालाई निरन्तरता दिइनेछ ।

## ग. पूर्वाधार विकाससम्बन्धी नीति

### अ. भौतिक पूर्वाधार (आवास, भवन, सडक तथा पुल, यातायात)

१. पूर्वाधार निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु उपलब्ध भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त गरेका सामग्री प्रयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. जडान भएका/हुने सडक बत्तीको मर्मत सम्भार र महसुल भुक्तानीका लागि सम्बन्धित उपभोक्तालाई जिम्मेवार बनाइने नीति अवलम्बन गरिनेछ ।

३. विपन्न नागरिक आवास निर्माण कार्यक्रम अन्तर्गत निर्माण हुन बाँकी रहेका आवासहरूको निर्माण कार्य आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न गरिनेछ ।

४. बुढीगंगा मुक्तिघाट र लोहन्द्रा दोभानमा सद्‌गति घाट (लोहित गंगा) निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. नगरभित्र रहेका गछिया, बुढी, लोहन्द्रा लगायतका खोलाहरूको बहाव नियन्त्रण गरी बाढीबाट हुने जनधनको क्षति न्यूनीकरण गर्न तटबन्ध निर्माणको कार्यलाई यस आर्थिक वर्षमा समेत निरन्तरता दिँदै सो क्षेत्रमा वैकल्पिक यातायात करिडोरको निर्माण गर्न आवश्यक पहल गरिनेछ । तटबन्ध निर्माण कार्यहरू गर्नका लागि प्रदेश तथा सङ्घीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

६. दुरगामी महत्त्वका आयोजनाहरुको सञ्चालनका निम्ति प्रदेश सरकार तथा सङ्घीय सरकारसँग आवश्यक समन्वय र सहकार्य गर्ने नीतिलाई अख्तियार गरिनेछ ।

७. घरनक्सा पास प्रक्रियालाई डिजिटलाइजेसन गर्दै सेवा प्रवाहलाई सरलीकृत गरी पेपरलेस बनाइनेछ ।

८. नगरभित्र निर्माण हुने आवासीय तथा व्यावसायिक भवनहरूमा सौर्य लगायतका वैकल्पिक/नविकरणीय ऊर्जाको प्रयोगमा प्रोत्साहन गरिनेछ ।

९. विश्व बैंकको सहयोगमा नेपाल सहरी शासकीय पुर्वाधार आयोजना अन्तर्गत चन्द्रनगर- विश्वविद्यालय- गोठगाउँ र ओमशान्ति चोक-महेश्वर मार्ग खण्डमा ड्रेनसहितको सुविधासम्पन्न सडक निर्माण कार्य आ.व. २०८२।०८३ भित्रमा सम्पन्न गरिनेछ । आयोजना ठेक्का पश्चात बाँकी रहेको रकम कृषि बजार पूर्वाधार ढल निर्माण, सडक स्तरोन्नति, पार्क निर्माण लगायतका निर्माण कार्यहरु सञ्चालनका लागि पहल गरिनेछ ।

१०. नगरभित्र कार्यान्वयन गरिने आयोजनाहरूको सम्भाव्यता अध्ययन तथा विस्तृत अध्ययनका लागि पूर्वाञ्चल विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस र नगरभित्रका प्राविधिक विद्यालयहरूसँगको आवश्यक समन्वयमा तहाँ उपलब्ध जनशक्ति र प्रविधिको उच्चतम उपयोग गरिनेछ ।

११. नगर चक्रपथ (रिङरोड) निर्माण गर्नका लागि आवश्यक सम्भाव्यता अध्ययन गरिनेछ ।

१२. लोचनी-बडहरा (वडा नं. ३ र ४) र पूर्वाञ्चल विश्वविद्यालय-जुलेबी चोक (वडा नं. ६ र ७) जोड्ने गछिया खोलामा वैकल्पिक पक्की पुल निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

१३.भौतिक संरचना निर्माण गर्दा बस्ती विकास मापदण्ड अनुसार व्यवस्थित सहरीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

१४.भौतिक पूर्वाधार विकास गर्दा सार्वजनिक तथा निजी क्षेत्रको समेत साझेदारी रहने नीतिलाई निरन्तरता दिइनेछ ।

१५. नगर सडक गुरुयोजना निर्माण गरी सोहीअनुसार भौतिक विकास निर्माणका कार्य अगाडि बढाउने नीति लिइनेछ ।

१६. नगरभित्र सञ्चालन हुने आयोजनाहरूको अपनत्व साथै प्रभावकारितामा अभिवृद्धि गरी भौतिक पूर्वाधार निर्माणका कामहरूलाई गुणस्तरयुक्त र दिगो बनाउन निर्माण सामग्रीहरूको गुणस्तर मापन गर्ने कार्यलाई सुनिश्चित गरिनेछ ।

१७. नगरको भौगोलिक एवम् क्षेत्रगत सन्तुलनलाई मध्यनजर गरी महत्त्वपूर्ण मानिएका ठूला पूर्वाधार आयोजनाहरू साझेदारीमा प्राथमिकताका साथ रकम विनियोजन गरी सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१८. नगरभित्र निर्माण हुने भौतिक संरचनाहरू अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री, ज्येष्ठ नागरिकमैत्री र वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिनेछ ।

१९. भौतिक पूर्वाधारहरू निर्माण गर्दा तोकिएको मापदण्ड कायम गर्न अनुगमन प्रणालीलाई सघन र सशक्त बनाइनेछ ।

२०. सबै वडा कार्यालयहरूलाई प्रविधिमा आधारित सुविधासम्पन्न भौतिक संरचनासहितको बनाई सार्वजनिक सेवा प्रवाहलाई थप सुदृढ र सहज बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

२१. सुन्दरहरैंचा-८, सलकपुरमा नगरपालिकाको सुविधासम्पन्न प्रशासनिक भवन निर्माण कार्य आ.व. २०८२।०८३ मा प्रारम्भ गरिनेछ ।

२२. भौतिक संरचना निर्माण गर्दा त्यसको दिगोपना, लाभ र पर्यावरणीय प्रभावको अध्ययन गरी प्रचलित मापदण्डको पालनालाई अनिवार्य गराइनेछ ।

२३. नगरक्षेत्रका बाटाहरूको नम्बरिङ गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२४. डुबान रहित नगर निर्माणको अभियानका लागि पानी जम्मा हुने स्थानहरूको पहिचान गरी आवश्यक ड्रेन निर्माण गरी ढल निकासको व्यवस्था मिलाइनेछ ।

२५. राजमार्गसँग जोडिएका सबै मुख्य सडकहरूलाई क्रमश: कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२६. दुर्घटना न्यूनीकरण तथा सडक स्तरोन्नतिका लागि विभिन्न समयमा निर्माण भई प्रयोगमा रहेका कालोपत्रे सडकहरूको मर्मत सम्भार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२७. नगर यातायात गुरुयोजना निर्माण गरी सो बमोजिमको सडक सञ्जाल विकास गर्न सडकहरुलाई प्राथमिकीकरण गरी निर्माण र मर्मत गर्दै जाने नीति लिइनेछ ।

२८. नवग्रह अध्ययन तथा विज्ञान गृह निर्माणको सम्भाव्यता अध्ययनका लागि कोशी प्रदेश सरकारसँगको समन्वयका लागि आवश्यक पहल गरिनेछ ।

### आ. खानेपानी तथा सरसफाईसम्बन्धी नीति

१. एक घर एक धारा अभियानलाई क्रमशः सञ्चालन गरिनेछ । सामुदायिक विद्यालयहरूमा खानेपानीको सर्वसुलभ उपलब्धता सुनिश्चित गरिनेछ ।

२. नगरको आयोजना सञ्चालन गर्दा खानेपानी वितरणको संरचनामा हुने क्षतिलाई मर्मत सम्भार गर्ने व्यवस्था मिलाइनेछ ।

३. नगरबासीहरूलाई स्वच्छ पिउने पानीको उपलब्धताका लागि आवश्यक कार्यहरू गरिनेछ ।

## घ. वातावरण तथा विपत् व्यवस्थापन

### अ. वन, वातावरण, भूसंरक्षण, जलवायु परिवर्तन अनुकूलनसम्बन्धी नीति

**१.** "फोहोरबाट मोहोर" भन्ने नारालाई चरितार्थ गर्न निजी क्षेत्रसँगको सहकार्यमा शुरू गरिने सार्वजनिक निजी साझेदारी पद्धतिमार्फत फोहोरमैला व्यवस्थापन गर्ने कार्य अन्तिम चरणमा रहेको हुँदा आगामी आर्थिक वर्षको शुरूबाट सोही पद्धतिमार्फत फोहोरमैला व्यवस्थापन गरिनेछ । फोहोरमैला व्यवस्थापन कार्यमा फोहोर उत्पादनकर्ताबाट तोकिएको शुल्क लिई फोहोरमैला व्यवस्थापन गरिनेछ । फोहोरलाई स्रोतमै वर्गीकरण गरी कुहिने र नकुहिने फोहोर छुट्याई संकलन गर्ने कार्यको थालनी गरिनेछ ।

२. नगर क्षेत्रभित्रका खाली तथा उपयुक्त स्थानहरूमा वृक्षरोपण गरिनेछ । वृक्षरोपण गर्दा फलफूलका बिरुवाहरूलाई प्राथमिकता दिइनेछ । नगरभित्र रहेका सामुदायिक वन, साझेदारी वन, विद्यालय तथा विभिन्न सङ्घसंस्थाहरूसँगको सहकार्य र साझेदारीमा वृक्षरोपण अभियान सञ्चालन गरिनेछ ।

३. नेपाल सरकार र प्रदेश सरकारसँगको समन्वयमा खोला किनारको छेउमा हुनसक्ने कटान रोक्न बाँस, खयर, लहरे पीपल लगायतका वनस्पति लगाउन अभियान सञ्चालन गरिने तथा तटबन्ध निर्माण गर्दा बायो-इन्जिनियरिङ पक्षलाई समेटिने नीति अवलम्बन गरिनेछ ।

४. सफा तथा स्वच्छ वातावरण निर्माणको नीति अनुरुप यस नगरक्षेत्रभित्र रहेका पानीका मुहानहरू सरसफाई गर्ने अभियान सञ्चालन गरिनेछ ।

५. हरित नगर निर्माणका लागि सडक सौन्दर्यीकरण गर्ने तथा सडक बगैंचाहरूको विकास गरिनेछ ।

६. नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, प्रशोधन, ओसारपसार र बिक्री वितरणलाई कानून अनुसार नियमन गरी व्यवस्थित, प्रभावकारी र वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिनेछ ।

७. जलवायु परिवर्तन अनुकूलनका लागि आवश्यक जनचेतना, क्षमता अभिवृद्धि, सूचना तथा जानकारीको आदानप्रदान गरी जलवायु परिवर्तनका असरलाई रोकथाम गर्ने नीति अवलम्बन गरिनेछ ।

८. जलाधार संरक्षण, जैविक विविधताको प्रवर्धन तथा पर्या-पर्यटन विकासका लागि जनसहभागितामा आधारित वातावरण संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

९. नगरभित्र रहेका सार्वजनिक तथा पर्ति जग्गाहरूको पहिचान गरी सो को व्यवस्थित अभिलेख राख्ने, संरक्षण गर्ने तथा समुचित उपयोग गर्ने नीति अबलम्बन गरिनेछ ।

१०. औषधीजन्य जडीबुटी प्रवर्धनका लागि सामुदायिक वनहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

## आ. विपद् व्यवस्थापनसम्बन्धी नीति

१. "विपद् आउँछ नबोलाई — तयार बसौं जिम्मेवार भई" भन्ने नारालाई आत्मसात गर्दै जोखिमपूर्ण स्थानको पहिचान गरी नगरपालिकाले विपत्सम्बन्धी पूर्वसूचना सम्प्रेषण गर्ने संयन्त्र विकास गरी कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।

२. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा र रणनीतिक योजना निर्माणको कार्य यस आर्थिक वर्षभित्र सम्पन्न गरी कार्यान्वयनमा ल्याइनेछ ।

३. विपद प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । विपदको समयमा आपतकालीन उद्धार, पुनःनिर्माण तथा पुनःस्थापनाको लागि आवश्यक तयारी गरिनेछ ।

४. भविष्यमा आउन सक्ने विपतसँग सामना गर्न पूर्व अभ्यासहरू सञ्चालन गरिनेछ । विपदको सामना गर्न स्वयम्सेवक तयार गर्न विभिन्न संयन्त्रहरू (नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी, नेपाल स्काउट, एनसिसि, लुमन्ति आवासका लागि सहयोग समूह जस्ता विभिन्न सामाजिक सङ्घसंस्थाहरू) सँग आवश्यक समन्वय गरी कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।

५. विपत व्यवस्थापन तालिम (डिएमटी) कार्यक्रममार्फत विपतको व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

६. विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको विपद्सम्बन्धी चेतना अभिवृद्धि गर्न तथा विपद् प्रतिकार्यको सामान्य सिप सिकाई विपद्का समयमा जीवन रक्षाका लागि आधारभूत कार्यहरू गर्न सक्ने बनाउन विद्यालय सुरक्षा अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

७. जङ्गली जनावरको आक्रमणबाट बच्नका लागि वनसँग जोडिएका वडाका जोखिमयुक्त स्थानहरूमा सडक बत्ती जडान गर्ने, निमको बिरूवा रोप्ने, सूचना सम्प्रेषण गर्ने तथा विपद् जोखिम न्यूनीकरणका सामग्रीहरू जडान तथा वितरण गरी नागरिकलाई सुरक्षित बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

८. यस नगरपालिका क्षेत्रभित्र भएर बहने नदीहरुको वन क्षेत्रमा रहेका नदीजन्य पदार्थबाट उत्पन्न हुने सम्भावित खतराहरुलाई न्यूनीकरण गर्न जिल्ला विपद् व्यवस्थापन समिति मार्फत प्रदेश सरकार समक्ष उचित व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।

**इ. पर्यटनसम्बन्धी नीति**

१. नगर क्षेत्रभित्र रहेका पर्यटन तथा साइक्लिङ क्षेत्रसँग सम्बन्धित सङ्घसंस्थाहरू समेतको समन्वय र सहकार्यमा बाघझोडादेखि हसिनासम्मको क्षेत्रलाई पर्यटकीय करिडोर निर्माणका लागि पहल गरिनेछ ।

२. संघ, प्रदेश र निजी क्षेत्रको सहकार्यमा पर्यटकीय क्षेत्रको विकासका लागि पूर्वाधार निर्माणका लागि पहल गरिनेछ ।

३. यस नगरभित्र रहेका बाघझोडा, हसिना सिमसार, भुल्के जलाधार संरक्षण क्षेत्र, कालीखोला जलाधार क्षेत्र, नयाँ वृन्दावन गौशाला, किचकगढी क्षेत्र, साकेलाथान, शेषनारायण दिव्यधाम, छ पोखरी पार्क, किराँत पार्क, गुम्बा, थारु कल्याणकारिणी सङ्ग्रहालय, भिमसेनथान मन्दिर लगायतका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको विकास, संरक्षण तथा संवर्धन गरिनेछ ।

४. सामुदायिक वन क्षेत्रसँग आवश्यक समन्वय गरी पर्यावरणीय पार्क तथा उद्यान निर्माण गर्नुका साथै जलवायु परिवर्तन अनुकूलको पर्या-पर्यटन विकास गर्न पहल गरिनेछ ।

५. सुन्दरहरैंचा नगरपालिका क्षेत्रभित्र रहेका निजी वन, सामुदायिक वन र सिमसार क्षेत्रलाई करको दायरामा ल्याइनेछ ।

६. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७९ बमोजिम नगरक्षेत्रभित्र रहेका सिमसार तथा अन्य पर्यटकीय क्षेत्रको प्रवर्धन र विकास गर्न जैविक विविधता अध्ययन केन्द्र निर्माणका लागि पहल गरिनेछ ।

७. नगरभित्र प्राकृतिक पार्क तथा बाल उद्यानहरू निर्माण गरिनेछ ।

**ङ. सुशासन तथा संस्थागत विकाससम्बन्धी नीति**

१. सबैभन्दा धेरै राजश्व संकलन गर्ने वडालाई रू. १० लाख बराबरको थप एक आयोजना प्रोत्साहन स्वरूप उपलब्ध गराइने नीति रहनेछ ।

२. घरनक्सा अभिलेखीकरण शुल्क, घर बहाल कर तथा अन्य कर संकलन गर्ने कार्यलाई घरदैलो अभियान वर्ष घोषणा गरी सम्बन्धित पक्षको सहकार्यमा वर्षभरी नै अभियान सञ्चालन गरिनेछ । करदातालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

३. राजश्व संकलन गर्ने कार्यलाई थप प्रभावकारी बनाउन करदाता शिक्षा कार्यक्रम सञ्चालनमा ल्याइनेछ । घरनक्सा पास/अभिलेखीकरणसम्बन्धी कार्यलाई एकीकृत प्रणालीको रूपमा विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

४. वित्तीय सुशासन कायम गर्न बेरूजु फछ्र्यौट गर्ने कार्यलाई अभियानको रूपमा निरन्तरता दिइनेछ । बेरूजु फछ्र्यौट गर्ने कार्यमा प्रत्यक्ष संलग्न हुने कर्मचारीलाई प्रोत्साहन गरिनेछ ।

५. नगरपालिकालाई नियमित रूपमा कर बुझाउने तथा सबैभन्दा बढी कर बुझाउने करदातालाई प्रोत्साहन स्वरूप सम्मान गरिनेछ ।

६. वडास्तरमा आयोजना तथा कार्यक्रम छनौट र कार्यान्वयन गर्दा टोल विकास संस्था लगायतका सरोकारवालाहरूको सहभागिता बढाइनेछ । दश लाखसम्म बजेट विनियोजन भएका आयोजनाहरूको सम्झौता र भुक्तानी सिफारिस गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७. नगर प्रमुखसँग नागरिक संवाद कार्यक्रम सञ्चालन गरिनेछ ।

८. प्रभावकारी मानव संसाधन व्यवस्थापनको नीति अवलम्बन गरी सार्वजनिक सेवा प्रवाहलाई थप सुदृढ र सेवाग्राहीमैत्री बनाउन *सही व्यक्ति, सही स्थान र सही समयलाई* पूर्ण रूपमा कार्यान्वयन गरिनेछ ।

९. सार्वजनिक सुनुवाई, उपभोक्ता हित सचेतना, नागरिक सन्तुष्टि र सामाजिक परीक्षण गर्ने कार्यलाई थप सुदृढ र व्यवस्थित गरिनेछ ।

१०. पदाधिकारी तथा कर्मचारीहरूसँग कार्यसम्पादन सम्झौता गरी कामप्रति जिम्मेवार र नतिजामुखी बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

११. उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कारको व्यवस्था गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१२. नगरपालिकाको कार्यबोझलाई दृष्टिगत गरी अतिरिक्त कार्यबापत प्रोत्साहन भत्ताको व्यवस्था हुने नीति लिइनेछ ।

१३. नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूलाई अन्य पालिकाहरूमा भएगरेका असल अभ्यास र सिकाईका रूपमा आत्मसात गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१४. नगरपालिकाको कार्यसम्पादन मूल्याङ्कनको स्तर मापन गर्ने जोखिम मूल्याङ्कनजस्ता सूचकहरू विश्लेषण गर्ने प्रणालीको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

१५. राजस्व क्षेत्रको पहिचानका लागि निजी क्षेत्रसँगको सहकार्यमा अध्ययन तथा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. योग गर्ने बानीलाई प्रोत्साहित गर्दै सरोकारवाला पक्षहरुको सहकार्यमा योग शिविरहरु सञ्चालन गरिनेछ ।

१७. जनप्रतिनिधि तथा कर्मचारीहरूलाई तनाव व्यवस्थापन गर्ने कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१८. विकास निर्माणका कार्यमा नागरिकहरूको सहभागिता सुनिश्चित हुने गरी क्रमशः टोल विकास संस्थामार्फत आयोजना सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१९. आ.व. २०८२/०८३ मा संविधानको अनुसूची-८ मा रहेको स्थानीय तहको एकल अधिकारसँग सम्बन्धित कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ तथा साझा अधिकार सम्बन्धी कानून निर्माणका लागि प्रदेश र सङ्घीय सरकारसँग अनुरोध गरिनेछ ।

२०. समयमै बजेट कार्यान्वयन गरिनेछ ।

२१. सार्वजनिक पद धारण गर्ने व्यक्तिलाई जवाफदेही, सदाचारयुक्त, उच्च नैतिकवान तथा पदीय मर्यादाका साथ सम्मानपूर्वक काम गर्न सक्ने वातावरणको प्रत्याभूत गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।

२२. नगरवासीहरूलाई संविधानले निर्दिष्ट गरेको कर्तव्य पालनाप्रति जागरुक बनाई सदाचार र सेवा भावको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

२३. नगरबासीहरूमा कर तिर्ने बानीको विकास गर्ने, करको पारदर्शिता र अधिकतम सदुपयोग गर्ने तथा करको दायरा बढाउने किसिमको प्रगतिशील कर प्रणालीको मान्यता स्थापित गर्ने नीति अवलम्बन गरिनेछ ।कर बुझाउने कार्यलाई प्रविधिमैत्री बनाइनेछ ।

२४. इमानदार कर्मचारी, स्वच्छ प्रशासनको नारालाई आत्मसात गरिनेछ ।

२५. नगरपालिकामा कार्यरत अस्थायी तथा करारका कर्मचारीका लागि व्यवस्था गरिएको सामाजिक सुरक्षा कोषलाई निरन्तरता दिइनेछ ।

२६. नगरपालिकामा नगर प्रवक्ता, सूचना अधिकारी र प्रत्येक वडामा सम्बन्धित वडा अध्यक्षमार्फत स्थानीय सरकारबाट हुने सूचना प्रवाहको कार्यलाई निरन्तरता दिइनेछ।

२७. प्रत्येक व्यवसायीले नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता गरेपछि मात्रै व्यवसाय सञ्चालन गर्न पाउने नीति अवलम्बन गरिनेछ । नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका व्यवसायहरुलाई बन्द गरिनेछ । नगरपालिकामा व्यवसाय दर्ता गरेपछि मात्रै अन्य निकायमा दर्ता तथा नवीकरणका लागि सिफारिस गर्ने व्यवस्था मिलाइनेछ ।

२८. बढ्दो जनसङ्ख्या तथा सहरीकरणलाई मध्यनजर गरी जनभावना र जनबोलीको समेत सम्बोधन गर्ने हेतुले यस नगर क्षेत्रभित्र ईलाका प्रशासन कार्यालय स्थापना तथा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ । वडा नं. १, हरैंचामा रहेको ईलाका प्रहरी कार्यालयलाई प्रहरी निरीक्षकको दरबन्दीसहित स्तरोन्नति गर्नका लागि पहल गरिनेछ ।

२९. एकीकृत बजार अनुगमनको कार्यलाई निरन्तरता दिइनेछ ।

३०. मालपोत तथा नापीसम्बन्धी कार्यलाई नगरपालिकाको मातहतमा ल्याउन सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक कानून निर्माण गरिनेछ ।

३१. नगरपालिका क्षेत्रभित्र रहेका नाफामूलक संस्थाहरूलाई वित्तीय सामाजिक उत्तरदायित्व (CSR) को व्यवस्थापनका लागि उत्प्रेरित गरिनेछ ।

३२. आ.व. २०८१/०८२ मा नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा इ-हाजिरी लागू गरिएकोमा आ.व. २०८२/०८३ मा थप विस्तार गर्न नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्था र सामुदायिक विद्यालय समेतमा अनिवार्य इ-हाजिरीको व्यवस्था गरी कर्मचारीहरुको नियमितता र कार्यसम्पादनको निगरानी गरिनेछ ।

३३. जनप्रतिनिधि तथा कर्मचारीलाई क्षमता विकाससम्बन्धी उपयुक्त तालिमको व्यवस्था गरी कार्यसम्पादनको स्तर र सेवा प्रवाहमा गुणस्तरीयता अभिवृद्धि गरिनेछ । तालिम तथा क्षमता

विकासका लागि संघ तथा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

३४. न्यायिक समितिबाट भएका मेलमिलाप तथा निर्णय कार्यान्वयन गर्न ऐन बमोजिम गठित समितिको क्षमता विकास गरी निर्णय कार्यान्वयनका लागि नगर प्रहरी समेतलाई उचित ढङ्गले परिचालन गरिनेछ ।

३५. प्रदेश सरकारसँगको समन्वयमा इ-रिक्साको उचित व्यवस्थापन र सरोकारवाला समेतको सहभागितामा भाडादर निर्धारण गरिनेछ ।

३६. राजश्व सुधार योजना सञ्चालन गरी सोहीअनुरुप नगर तथा वडा कार्यालयमा सेवा करारमा रहेका राजश्व कर्मचारीको सेवालाई निरन्तरता दिइनेछ ।

३७. सांगठनिक उद्देश्य हासिल गर्न नगर प्रहरीलाई उचित ढङ्गले परिचालन गरिनेछ ।

३८. करार सेवाका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनका आधारमा सेवा करार सम्झौतालाई निरन्तरता दिइनेछ ।

३९. नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसँगको साझेदारी तथा समन्वयमा नगरको शान्ति सुरक्षाका लागि आवश्यक कार्य गरिनेछ ।

४०. नगर क्षेत्रभित्र हुनसक्ने चोरी, दुर्घटना, लागुपदार्थको दुर्व्यसन लगायतका कार्य नियन्त्रणका लागि नगरका मुख्य मुख्य चोक बजारहरूमा सिसिटिभि जडान तथा मर्मत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४१. भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न नेपाल सरकारबाट गठन भएको भूमि समस्या समाधान आयोग र भूमि समस्या समाधान आयोग, जिल्ला समिति मोरङसँगको समन्वयमा पालिकामा रहेको भूमि शाखालाई थप व्यवस्थित गर्न कर्मचारी व्यवस्थापन गरी प्रभावकारी र नतिजामुखी बनाउन आवश्यक कार्यक्रम सञ्चालनमा ल्याइनेछ । १२ वटै वडाहरूमा रहेका जग्गाको नापजाँच कार्य सम्पन्न गरी आर्थिक वर्ष २०८२/०८३ मा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूलाई जग्गा धनीपूर्जा वितरण गर्ने कार्यको थालनी गरिनेछ ।

४२. विद्युतीय सुशासनको माध्यमबाट सार्वजनिक सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

४३. स्थानीय सञ्चार माध्यमहरूको कार्यलाई थप व्यवस्थित गर्न स्थानीय सञ्चारग्राम सञ्चालनमा ल्याइनेछ ।

४४. लोककल्याणकारी सूचनाहरू स्थानीय सञ्चार माध्यमहरूलाई अनुपातिक हिसाबले उपलब्ध गराइने नीति लिइनेछ ।

४५. पत्रकारहरुको क्षमता अभिवृद्धि गर्नका लागि तालिम, पत्रकारिताको माध्यमबाट अनुसन्धानात्मक लेखका निम्ति लेखनवृत्ति (फेलोसिप), सन्देशमूलक सूचना सामग्रीको निर्माण तथा विकास गर्ने कार्य गरिनेछ ।

४६. सार्वजनिक सेवा प्रणालीहरूलाई एकीकृत र सुरक्षित रूपमा सञ्चालन गर्ने तथा डिजिटल सेवाहरूलाई समयमै पुऱ्याउन नगरपालिकाले आफ्नै स्वामित्वमा रहने फाइबर अप्टिक नेटवर्कको पूर्वाधार विकास गर्ने नीतिगत व्यवस्था गरिनेछ ।

**च. न्यायिक समितिका नीतिहरु :**

१. सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ ।

२. न्यायिक समितिको निर्णयलाई नगरबासीहरुले न्यायको अनुभूति गर्ने गरी नतिजामूलक कार्यान्वयन सुनिश्चित गरिनेछ ।

३. सुन्दरहरैंचा नगरपालिका क्षेत्रभित्र हिंसामा परेका महिलाहरुका लागि नगरपालिकाले उप-प्रमुखको प्रत्यक्ष निगरानीमा कानूनी परामर्श तथा सहायता कक्ष सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

४. स्थानीयस्तरमा मेलमिलाप तथा न्यायिक समितिसँग सम्बन्धित सामान्य जानकारी, यसका फाइदा, घरपरिवार तथा समाजभित्र आउने विवादलाई मध्यनजर गर्दै विपन्न, सीमान्तकृत तथा सुकुम्बासी बस्तीमा गई न्यायमा पहुँच कार्यक्रम (Judical Outreach Programme) सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

५. न्यायिक समितिमा विवाद दर्ता गराएका हिंसापीडित व्यक्तिहरुको मानसिक स्वास्थ्य समस्या समाधानका लागि मनोसामाजिक परामर्श प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

६. मेलमिलापकर्ताहरुलाई पुनर्ताजगी तथा आवश्यकताअनुसार एडभान्स तालिम दिइनेछ ।

७. समाजमा बढ्दो अवस्थामा रहेको लैङ्गिक हिंसा तथा सम्बन्धविच्छेद्‌लाई न्यूनीकरण गर्नका लागि **उत्कृष्ट ढुकुर जोडी** कार्यक्रमलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ ।

८. न्यायमा स्थानीय नागरिकको पहुँच स्थापित गरी जनचेतना अभिवृद्धि गर्न न्यायिक समिति अन्तर्गत कानूनी पुस्तक अध्ययन केन्द्र स्थापना गरिनेछ ।

९. असल न्यायिक कार्यसम्पादन गरेका पालिकाहरुसँग अनुभव आदानप्रदान लगायतका कार्यहरु गर्न भगिनी सम्बन्ध कायम गरिनेछ ।

१०. नगर क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरूमा कक्षा ११ र १२ मा अध्ययनरत किशोरकिशोरीहरूसँग उप-प्रमुख न्यायसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**धन्यवाद !**